तादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ३ मितिः २०७६/०३/०८

**भाग-२**

**तादी गाउँपालिका**

**छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा तादी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

# छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६

आर्थिक अभावले आधारभूत, माध्यमिक तथा उच्च तहसम्मको शिक्षा हासिल गर्न नपाएका गरिब तथा असहाय बालबालिकाहरुलाई आधारभूत, माध्यमिक तथा उच्च तहसम्मको शिक्षा दिई जनतालाई स्थानीय सरकारको प्रत्यक्ष उपस्थितिको अनुभुति दिलाउदै लोक कल्याणकारी राज्यको स्थापना तथा सामाजिक न्याय समेत कायम गर्न वाञ्छनिय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँ कार्यपालिकाको मिति ..... को बैठकले यो **छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६** स्वीकृत गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम “छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६” रहेकोछ ।

(२) यो कार्यविधि तादी राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ ।

**२. परिभाषा :-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) “गाँउपालिका” भन्नाले तादी गाँउपालिकालाई सम्झनुपर्छ ।
(ख) “कार्यपालिका” भन्नाले तादी गाँउ कार्यपालिकालाई सम्झनुपर्छ ।
(ग) “वडा” भन्नाले तादी गाँउपालिकाका सम्बन्धित वडा कार्यालयलाई सम्झनुपर्छ ।
(घ) “समिति” भन्नाले यस कार्यविधिको दफा ८ बमोजिमको छात्रवृत्ति व्यवस्थापन समिति सम्झनुपर्छ ।
(ङ) “छात्रवृत्ति” भन्नाले आर्थिक अवस्था कमजोरीका कारणले आधारभूत, माध्यमिक तथा उच्च तहसम्मको शिक्षा प्राप्त गर्न नसकेका विद्यार्थीहरुलाई गाँउपालिकाबाट प्रदान गरिने छात्रवृत्तिलाई सम्झनुपर्छ ।

(च) “लाभग्राही”भन्नाले यस कार्यविधि बमोजिम गाँउपालिकाबाट उपलब्ध गराइने छात्रवृत्ति प्राप्तिका लागि आवेदन गर्ने विद्यार्थीलाई सम्झनुपर्छ ।

(छ) “लक्षित समूह” भन्नाले एकल महिला, भिन्न क्षमता भएका व्यक्ति, आदिवासी, जनजाति, दलित, शहीद तथा वेपत्ता पारिएका परिवारका सदस्य, वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारको परिवार र अति विपन्न वर्गका अन्य समूदायको परिवारका सदस्यलाई सम्झनुपर्छ ।

(ज) “सम्बन्धित विद्यालय वा शैक्षिक संस्था” भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्ति बमोजिम अध्यापन गराउने विद्यालय वा शैक्षिक संस्थालाई सम्झनु पर्छ ।

**३. छात्रवृत्ति प्रदान गरिनेः-**

(१) गाँउपालिकाले प्रत्येक वर्ष लक्षित समूहका परिवारहरुमध्ये आर्थिक अवस्थाका कारणले आफ्ना बालबच्चालाई आधारभूत, माध्यमिक तथा उच्च तहको शिक्षा प्रदान गर्न नसक्ने परिवारका सदस्यहरुलाई मात्र यस कार्यविधिको अधीनमा रही उनीहरुले रोजेको वा गाउँपालिकाले तोकेको विद्यालय वा शैक्षिक संस्थामा मात्र अध्ययन गर्न छात्रवृत्ति रकम उपलब्ध गराउनेछ ।

(२) छात्रवृत्ति रकम उपलब्ध गराउँदा सम्बन्धित विद्यार्थी, विद्यालय वा शैक्षिक संस्थाले पेश गरेको वार्षिक शुल्क वापतको रकम वा छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरे बमोजिमको रकम गाउँपालिकाले सम्बन्धित विद्यार्थी, विद्यालय वा शैक्षिक संस्थालाई एक आर्थिक वर्षमा एक पटक मात्र भुक्तानी गर्नेछ ।

**४. छात्रवृत्ति बाँडफाँड गरिने :-**

(१) छात्रवृत्ति माग सम्बन्धी निवेदनका आधारमा गाउँपालिकाबाट विनियोजित बजेटको अधिनमा रही छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरे बमोजिम छात्रवृत्ति संख्या र रकम निर्धारण गरी सबै वडामा समानुपातिक ढंगले छात्रवृत्ति रकम उपलब्ध गराइनेछ । तर कुनै वडाबाट छात्रवृत्ति माग नभएमा अन्य वडाहरुमा वितरण गरिनेछ । यसरी उपलब्ध गराईने छात्रवृत्ति रकम वितरण गर्दा निम्न बमोजिमका लाभग्राहीहरुलाई प्राथमिकता दिइनेछ :-

(क) विपन्न वर्गका एकल महिला, शहीद परिवार, वेपत्ता परिवार तथा वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारका परिवार र अति विपन्न अन्य परिवारका सदस्यहरु,

(ख) विपन्न वर्गका आदिबासी, जनजाति, दलित र लोपोन्मुख समूदायका सदस्यहरु,

(ग) भिन्न क्षमता भएका व्यक्तिहरु, र

(घ) सामुदायिक विद्यालयमा अध्ययनरत सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरु ।

(२) उपदफा (१) बमोजिम बाँडफाँड गरिने छात्रवृत्तिमा लक्षित समूहका लाभग्राहीबाट छात्रवृत्त माग नभएमा उक्त छात्रवृत्ति माग गर्ने अन्य समूहका लाभग्राहीहरुलाई उपलब्ध गराइनेछ ।

(३) प्राप्त निवेदनका आधारमा छात्रवृत्ति रकम यकीन गरी वितरण गरिनेछ । छात्रवृत्ति रकम वितरण गर्दा पहिला प्राप्त निवेदनका आधारमा वितरण गरिनेछ । एक आर्थिक वर्षमा छात्रवृत्ति वापत विनियोजित बजेट रकम सकिए पश्चात त्यो आर्थिक वर्षमा थप लाभग्राहीलाई छात्रवृत्ति रकम उपलब्ध गराइने छैन । यसरी छात्रवृत्ति पाउन छुट भएका लाभग्राहीले अर्को आ.व. मा पुनः निवेदन दिन सक्नेछन् ।

**५. छात्रवृत्ति प्रदान नगरिने :**

देहायको अवस्थामा लक्षित समूहका लाभग्राहीलाई छात्रवृत्ति प्रदान गरिने छैन :-

(क) नेपाल सरकार वा प्रदेश सरकार वा नेपाल सरकारलाई वा प्रदेश सरकारलाई प्राप्त भएको अन्य कुनै त्यस्तै छात्रवृत्ति प्राप्त गरिरहेको वा प्राप्त गरिसकेका

(ख) कुनै शिक्षण संस्थाबाट सोही विधामा छात्रवृत्ति प्राप्त गरिरहेको,

(ग) उम्मेद्‍वार कुनै फौजदारी कसूरमा दोषी प्रमाणित भएको अवस्थामा ।

**६. छात्रवृत्ति रद्ध गरिने :-**

देहाय बमोजिमको अवस्थामा समितिको सिफारिशमा कार्यपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्ध गर्न सक्नेछ :-

(क) झुठा विवरणहरु पेश गरेको प्रमाणित भएमा,

(ख) अध्ययन पूरा नगरेमा वा अध्ययन बीचैमा छाडेमा,

(ग) अध्ययन अवधिमा फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

(घ) विद्यार्थीको हैसियतले पालना गर्नुपर्ने आचरण सम्बन्धी कुरा बारम्बार पालना नगरेको भनी सम्बन्धित विद्यालय वा शैक्षिक संस्थाले दफा ८ बमोजिमको समितिलाई लिखित जानकारी गराएमा समितिको निर्णय बमोजिम ।

**७. छात्रवृत्ति व्यवस्थापन समिति :-**

(१) छात्रवृत्ति सम्बन्धि कार्य प्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा समन्वय एवम् व्यवस्थापन समेत गर्नका लागि कार्यपालिका मातहतमा रहने गरी देहाय बमोजिम एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ :-

| | |
|---|---|
| (क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) गाउँ शिक्षा समितिले तोकेको शिक्षा समितिका २ जना सदस्य | सदस्य |
| (घ) शिक्षा अधिकृत | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमकोसमितिले यस कार्यविधिको व्यवस्था प्रतिकुल नहुने गरी आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

**८. छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :-**

यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) छात्रवृत्तिलाई दीर्घकालिन तथा प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नु पर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

ख) गाँउपालिकाको निर्णय बमोजिम छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट समेतको विश्लेषण गरी प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने संख्या र छात्रवृत्ति रकम एकीन गर्ने,

ग) छात्रवृत्ति प्रदान गर्नका लागि योग्य लाभग्राही छनौट गरी छात्रवृत्ति रकम तोक्ने,

घ) छात्रवृत्ति प्रदान गर्ने छनौटका आधारहरु तय गर्ने,

ङ) यस कार्यविधिको उद्धेश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकालाई राय उपलब्ध गराउने ।

## ९. छनोटको लागि सूचना प्रकाशन गर्ने :-

(१ समितिले कम्तीमा पन्ध्र दिनको म्याद दिई यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिका लागि इच्छुक योग्य लाभग्राहीबाट प्रत्येक वर्ष दरखास्त आव्हान गरी स्थानीय स्तरमै सूचना प्रकाशित गर्नेछ । तर, यो कार्यविधि लागू भएपछि पहिलो पटकको लागि भने सूचना प्रकाशन अनिवार्य हुने छैन ।

(२) विशेष अवस्थामा समितिले निर्णय गरी दरखास्त बुझाउने म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछ :-

क) छात्रवृत्ति प्रदान गरिने समावेशी समूहको छात्रवृत्तिको संख्या,
ग) छात्रवृत्तिमा छनोट गर्ने प्राथमिकताका मुख्य आधारहरु,
घ) दरखास्तको ढाँचा,
ङ) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु,
च) दरखास्त बुझाउनु पर्ने स्थान,
छ) समितिले आवश्यक ठहर्याएका अन्य विषयहरु ।

(४) उपदफा (३) बमोजिमको सूचना कार्यपालिकाको वेभसाइटबाट समेत प्रकाशन गरिनेछ ।

## १०. दरखास्त दिनुपर्नेः-

(१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्न चाहने लक्षित समूहका इच्छुक लाभग्राहीले दफा (९) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा तोकिएको ढाँचामा छात्रवृत्ति व्यवस्थापन समितिका संयोजक समक्ष दरखास्त दिनुपर्नेछ । तर यस कार्यविधि लागू भएको आर्थिक वर्षका हकमा भने चैत्र मसान्तभित्र दरखास्त दिई सक्नु पर्नेछ ।

(२) तोकिएको अवधिभित्र दरखास्त पेश नगर्ने लाभग्राहीले यस कार्यविधि बमोजिमको छात्रवृत्ति सुविधा पाउने छैनन् ।

## ११. योग्यताक्रमको सुची तयार गर्ने : -

दफा (९) बमोजिम माग गरिएको सूचना बमोजिम व्यवस्थापन समितिले तोकेको छात्रवृत्ति संख्या भन्दा बढी दरखास्त प्राप्त भएमा लाभग्राहीहरुको योग्यताक्रम निम्न अनुसार निर्धारण गरिनेछ :-

| विद्यार्थीको नाम थर | ठेगाना, वडा | मूल्याँकन मापदण्ड | | | | |
|---|---|---|---|---|---|---|
| | | हाल अध्ययनको अवस्था | आवेदकको अभिभावकको अवस्था | आवेदकको परिवारको पेशा | विद्यालयको दुरी | अघिल्लो कक्षाको लब्धांक |
| | | – आर्थिक अवस्था कमजोर भएका कारण बीचमै विद्यालय जान छाडेको : १०<br>– निरन्तर विद्यालय गै रहेको : ५ | – आमा बाबु नभएको :१०<br>– आमा वा बाबुमात्र भएको : ८<br>–आमा बाबु भएको : ५ | – मजदुरी : १०<br>– कृषि वा व्यापार : ७<br>– नोकरी : ५ | – डेरामा बसी विद्यालय जानु पर्ने भएमा : १०<br>– घरबाटै विद्यालय जान पर्ने भएमा : ५ | – ५० प्रतिशत भन्दा बढी वा ए ग्रेड ल्याएमा : १०<br>– ५० प्रतिशत वा ए ग्रेड भन्दा कम ल्याएमा : ५ |

द्रष्टव्य :-यस दफा बमोजिम योग्यता निर्धारण गर्दा कुनै दुई वा सो भन्दा बढी विद्यार्थीले समान अंक ल्याएमा सामूदायिक विद्यालयका अध्ययन गर्ने वा गर्न चाहने विद्यार्थीलाई १० अंक र संस्थागत विद्यालयमा अध्ययन गर्ने वा गर्न चाहने विद्यार्थीलाई ४ अंक प्रदान गरिनेछ । ततपश्चात पनि दुई वा सोभन्दा बढी विद्यार्थीको समान अंक आएमा दामाशाहीले छात्रवृत्ति रकम वितरण गरिनेछ ।

## १२. लाभग्राही छनोट गर्ने :-

(१) समितिले दफा (११) बमोजिम तयार गरेको अन्तिम योग्यताक्रमको सूचीका आधारमा छनौटको सिफारिस विवरण सार्वजनिक समेत गर्नुपर्ने ।

(२) उपदफा (१) बमोजिम अन्तिम योग्यताक्रमको सूची छनोटको सिफारिस गर्दा समितिले कम्तीमा बीस प्रतिशतसम्म बैकल्पिक योग्यताक्रमको सूचीको विवरण समेत कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(३) कार्यपालिकाले उपदफा २ बमोजिमको छात्रवृत्ति छनौट र वैकल्पिक योग्यताक्रमको सूची सार्वजनिक गर्नेछ र सो को जानकारी सम्बन्धित विद्यालय वा शैक्षिक संस्थालाई समेत दिनुपर्नेछ ।

(४) कार्यपालिकाले नतिजा प्रकाशन गर्दा दरखास्त दिने सम्पूर्ण लाभग्राहीहरुको योग्यताक्रमको सूची गाँउपालिकाको वेभसाइटबाट समेत प्रकाशन गर्नेछ ।

## १३. कबुलियतनामा गर्नुपर्ने :-

(१) दफा १२ बमोजिम छात्रवृत्तिको लागि लाभग्राही छनौट भएका लाभग्राही र सम्बन्धित परिवारको मुख्य अभिभावकले छनौटको अन्तिम सूची प्रकाशन भएको मितिले सात दिनभित्र

-

कार्यपालिकाबाट निर्धारित ढाँचामा तीन प्रति कबुलियतनामामा गर्नु पर्नेछ । यस्तो कबुलियतनामामा भर्ना भएको कक्षामा कम्तिमा एक शैक्षिक सत्रको अध्ययन पूरा गरि वार्षिक परीक्षामा भाग लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कबुलियतनामामा अन्य कुराको अतिरिक्त छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरेमा, अन्य संस्था वा निकायबाट सोही अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरेकोमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको भएमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम तथा त्यसमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको कबुलियतनामाको एक/एक प्रति कार्यपालिका, सम्बन्धित विद्यालय वा शैक्षिक संस्था र सम्बन्धित लाभग्राही एवम् अभिभावक समेतलाई उपलब्ध गराइनेछ ।

## १४. बैकल्पिक योग्यताक्रमको सूचीमा परेको उमेद्वारलाई छात्रवृत्ति प्रदान गर्न सकिनेः-

(१) छात्रवृत्तिको लागि छनोट भएको लाभग्राहीले त्यस्तो छात्रवृत्ति लिन नचाहेमा वा दफा १३ बमोजिम कबुलियतनामा गर्न नआएमा वा त्यस्तो लाभग्राहीले दफा (६) को अवस्था भई छात्रवृत्ति प्राप्त गर्न नसक्ने भएमा बैकल्पिक योग्यताक्रमको सूचीमा नाम समावेश भएका उम्मेद्वारलाई योग्यताक्रम अनुसार सोही शैक्षिक सत्र/वर्ष भित्र समावेश गरी छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

(२) दफा (१) बमोजिम छात्रवृत्ति पाउन योग्य बैकल्पिक लाभग्राही उम्मेदवारले छात्रवृत्ति प्रदान गरिने सम्बन्धी सूचना प्रकाशन भएको मितिले तीन दिन भित्रमा दफा १३ बमोजिमको कबुलियतनामा गरी सक्नु पर्नेछ ।

## १५. अभिलेख राखिने :-

समितिले छात्रवृत्ति उपलब्ध गराइएका लाभग्राहीहरुको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ र सो अद्यावधिक विवरण सार्वजनिक समेत गर्नु पर्नेछ ।

## १६. छात्रवृत्तिको रकम भुक्तानी :-

दफा १२ बमोजिम छात्रवृत्तिको लागि छनोट भई दफा १३ बमोजिम कबुलियतनामा गरेपछि छात्रवृत्तिको रुपमा प्रदान गरिने रकम गाँउपालिकाबाट सम्बन्धित छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट शीर्षकबाट कार्यपालिकाको कार्यालयले सम्बन्धित विद्यार्थी, विद्यालय वा शैक्षिक संस्थालाई पटक पटक वा एकमुष्ट रुपमा रकम भुक्तानी गर्नेछ ।

## १७. विद्यालय परिवर्तन गर्न नपाउने :-

छात्रवृत्तिमा छनौट भई अध्ययन गरिरहेको लाभग्राहीले कम्तिमा एक शैक्षिक सत्रभित्र अध्ययन गरिरहेको विद्यालय वा शैक्षिक संस्था परिवर्तन गर्न पाउने छैनन् ।

**१८. जानकारी गराउनु पर्ने :-**

यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने लाभग्राहीले छात्रवृत्ति प्राप्त गरेको शैक्षिक सत्रको वार्षिक परीक्षामा भाग लिएको वा नलिएको विषयमा सम्बन्धित विद्यालय वा शैक्षिक संस्थाले गाँउपालिकालाई लिखित जानकारी गराउनु पर्नेछ ।

**१९. पुनःछात्रवृत्तिमा छनौट नगरिने :-**

छात्रवृत्तिमा छनौट भएको कुनै लाभग्राहीले छात्रवृत्ति प्राप्त गरेको कक्षामा अध्ययन नगरेको अवस्थामा वा अध्ययन पूरा नगरी छाडेमा वा यस कार्यविधिमा तोकिए बमोजिमको अन्य शर्तहरु पूरा नगरेमा गाँउपालिकाबाट प्रदान गरिने छात्रवृत्ति लगायत अन्य कुनै सेवा सुविधामा पुनः सोही व्यक्तिलाई छनौट गरिने छैन । तर, काबु बाहिरको कारणले अध्ययन छाडेको भन्ने प्रमाण सहित पेश गरेमा पुनः छात्रवृत्ति पाउने वा नपाउने विषय समितिको निर्णय बमोजिम हुनेछ ।

**२०. प्रतिवेदन पेश गर्ने :-**

प्रत्येक वर्ष प्रदान गरिएका छात्रवृत्तिको विवरण, छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने लाभग्राहीहरुको अवस्था, रकमको अवस्था, छात्रवृत्तिको प्रभावकारिता तथा यसको उपलब्धि मूल्यांकन, छात्रवृत्ति कार्यान्वयनमा रहेका समस्याहरु र समाधानका उपायहरु सहितको प्रतिवेदन समितिले कार्यपालिकामा पेश गर्नु पर्नेछ । कार्यपालिकाले यसरी पेश हुन आएको प्रतिवेदन गाँउसभामा समेत पेश गरी सार्वजनिक गर्नु पर्नेछ ।

**२१. उजुरी सुनुवाई समिति :-**

(१) लाभग्राही उम्मेद्वार छनौट सम्बन्धी समितिको निर्णयमा चित्त नबुझ्ने उम्मेद्वार वा निजका परिवारले समितिको सिफारिस गर्ने निर्णय सार्वजनिक भएको मितिले तीन दिन भित्र ठोस आधार र प्रमाण सहित उजुरी सुनुवाई समितिमा उजुरी निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाँउपालिकामा देहायको उजुरी सुनुवाई समिति रहनेछ :-

| | |
|---|---|
| क) गाँउपालिकाका अध्यक्ष, | अध्यक्ष |
| ख) प्रमुख प्रशासकीय अधिकृत, | सदस्य |
| ग) सम्बन्धित वडाको वडाध्यक्ष, | सदस्य |

(३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी दिने म्याद समाप्त भएको मितिले तीन दिन भित्रमा उपदफा (२) बमोजिमको समितिले निर्णय दिनुपर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

## २२. बाधा अड्काउ फुकाउन सक्ने :-

यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ र त्यसरी फुकाइएको बाधा अड्चनको जानकारी गाँउसभामा पेश गर्नु पर्नेछ।

आज्ञाले

(अशोक विष्ट)

प्रमुख प्रशासकीय अधिकृत